सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३०६ ♦ २०८३ साल साउन ८ शुक्रवार ♦ 24 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# ताल निर्माणमा चालिस करोड अनियमितता

## मधेसका पूर्वमन्त्री शैलेन्द्र प्रसाद साहसहित ७ जनाविरूद्ध भ्रष्टाचार मुद्दा

खबर दर्पण समाचारदाता

**साउन ७ गते, बर्दिवास**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशका तत्कालीन मन्त्री शैलेन्द्रप्रसाद साहसहित सात जना र एउटा निर्माण कम्पनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सर्लाहीको बागमती नगर पालिकामा बागमती फन पार्क एन्ड रिसोर्ट आयोजना निर्माण गर्दा अनियमितता गरेको आरोपमा आयोगले बिहीबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो । यस अनियमिततामा संलग्न भएको आरोपमा आयोगले मन्त्री साहसहित मधेश प्रदेशको अर्थ मन्त्रालयका तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुर, बागमती नगरपालिकाका तत्कालीन प्रमुख भरतकुमार थापा, सोही नगरपालिकाका तत्कालीन उपप्रमुख लीलाकुमारी मुक्तान, सोही नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल विरुद्ध पनि मुद्दा दायर भएको छ ।

त्यस्तै मधेश प्रदेश अर्थ मन्त्रालयका तत्कालीन उपसचिव उद्धवराज न्यौपाने, निर्माण कम्पनी धुलिखेल जेभी र यसका आधिकारिक प्रतिनिधि युवराज पोखरेललाई पनि प्रतिवादी बनाइएको आयोगले जनाएको छ । आयोगका अनुसार बागमती नगर पालिकामा बागमती फन पार्क एन्ड रिसोर्ट निर्माण क्रममा प्रकाशित ठेक्का प्रक्रियामा प्रतिस्पर्धीलाई सीमित गर्ने उद्देश्यले प्रतिवादीको मिलेमतोमा सीमित सर्त राखिएको र यसबाट करोडौं रुपियाँ अनियमितता गरिएको अनुसन्धानबाट देखिएको छ । प्रतिवादीको मिलेमतोमा आयोजना निर्माणका लागि छनोट भएको धुलिखेल जेभीले डिपिआर निर्माण तहदेखि नै अनियमितता गरेको र यस्तो अनियमिततामा मन्त्री साहसहितका प्रतिवादीले नजर अन्दाज गरेको आयोगको दाबी छ । यस अनियमिततामा संलग्न भएको आरोपमा आयोगले तत्कालीन मन्त्री साह र सचिव ठाकुरलाई ३५ करोड रुपियाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही माग गरेको छ । त्यस्तै अन्य प्रतिवादीमध्ये उपसचिव न्यौपानेलाई २० करोड रुपियाँ बिगो दाबी गरिएको छ । अन्य सबै प्रतिवादीलाई ३९ करोड ३९ लाख ६६ हजार ३३३ रुपियाँ बिगो कायम गरेर भ्रष्टाचार निवारण ऐन अनुसार कारबाही माग गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो ।








### घुससहित अधिकृत पक्राउ

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिराहास्थित आन्तरिक राजस्व कार्यालय, लहानका कर अधिकृत युवराज एमएस पाललाई पाँच लाख रुपियाँ घुस रकमसहित नियन्त्रणमा लिएको छ ।

आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर लेखा परीक्षण गर्नका लागि सेवाग्राहीले पेस गरेका कागजात मिलेन भनी पालले सेवाग्राहीलाई दु:ख हैरानी दिएको उजुरी आयोगमा परेको थियो । सोही उजुरीका आधारमा आयोगको कार्यालय, महोत्तरीको बर्दीबासबाट गएको टोलीले पाललाई नियन्त्रणमा लिएको हो ।

आयोग टोलीले पाललाई कार्यकक्षबाटै उक्त रकम र एक थान मोबाइलसहित नियन्त्रणमा लिएको हो । पालमाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ ।



# समाचार प्रभाव : सर्पदंशबाट मृत बालकको शव परिवारलाई हस्तान्तरण



**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, बर्दिवास**
महोत्तरीको बर्दिबास नगर पालिका-१२, बिजलपुरा चल्कीका ८ वर्षीय विवेक कापर को सर्पदंशबाट मृत्यु भएपछि उपचार खर्च तिर्न नसक्दा अस्पतालमै रोकिएको शव अन्ततः स्थानीय सरकारको समन्वय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चासोपछि परिवारलाई बुझाइएको छ।

चन्दन कापरका छोरा विवेकलाई बुधबार साँझ घर नजिकै रहेको आँपको रुखमा फल टिप्ने क्रममा विषालु सर्पले टोकेको थियो। तत्काल उपचार का लागि उनलाई बर्दिबास जनसेवा अस्पताल पुर्‍याइए पनि भेन्टिलेटरमा उपचारकै क्रममा बिहीबार बिहान उनको मृत्यु भएको थियो।

अस्पतालका बालरोग विशेषज्ञ डा. राकेश यादवका अनुसार उपचारका क्रममा १० भाइल एन्टि-स्नेक भेनम प्रयोग गरिएको भए पनि बालकको ज्यान जोगाउन सम्भव भएन। बालककी आमा अमृतदेवी कापरले घरको बारीमा आँप टिप्ने क्रममा सर्पले टोकेपछि तत्काल अस्पताल ल्याइएको तर डाक्टरहरूको प्रयासका बाबजुद छोरालाई बचाउन नसकिएको बताउनुभयो।

अस्पतालका अनुसार उपचारमा करिब ६१ हजार रुपैयाँ खर्च भएको थियो। परिवारको आर्थिक अवस्था कमजोर भएकाले उक्त रकम तिर्न नसक्दा केही समयसम्म शव अस्पतालमै र ोकिएको थियो।

घटनाबारे समाचार विभिन्न सञ्चार माध्यममा प्रकाशित भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले चासो देखाएको थियो। त्यसपछि बर्दिबास नगरपालिका, अस्पताल र अन्य सरोकारवालाबीच समन्वय गरी समाधानको पहल गरिएको हो।

अस्पतालका सञ्चालक सुमन भुजेलका अनुसार मानवीय आधारमा सुरुमै २० हजार रुपैयाँ उपचार शुल्क छुट गरिएको थियो। त्यसपछि प्रधानमन्त्री कार्यालयबाट फोन आएलगत्तै बाँकी उपचार खर्च स्थानीय सरकारले व्यहोर्ने प्रतिबद्धता जनाएको उहाँले जानकारी दिनुभयो।

बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीले उपचार खर्चमध्ये बाँकी ४१ हजार रुपैयाँ नगरपालिकाले उपलब्ध गराउने बताउनुभयो।

नगरपालिकाको समन्वयपछि बर्दिबास अस्पतालको शववाहन मार्फत बालकको शव परिवारलाई जिम्मा लगाइएको छ।

# मिटरब्याज सम्बन्धी उजुरी मेलपिमलापबाट फछ्र्यौट

**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, बर्दिवास**
अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी परेका उजुरीमध्ये हालसम्म एक हजार १८७ वटा गुनासो मेलमिलाप विधिबाट फछ्र्यौट भएको छ।

कूल दर्ता भएका पाँच हजार २५७ अभियोगमध्ये छलफल विधिबाट पीडितको पक्षमा सुनुवाइ भएको हो। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेले सहमति नभएका ९३ मुद्दा अदालतमा पञ्जीकरण गरिएको जानकारी दिए ।

छानबिनपछि सहमतिमा रु ३० करोड ८२ लाख ३७ हजार ९२ र २७ बिघा आठ कट्ठा १८ धुर जग्गा फिर्ता भएको छ। थोरै रकम दिएको तर, धेरै र कमको कपाली तमसुक गरिएकाले दोब्बर तेब्बरसम्म चेक धितो राख्ने प्रवृत्ति रहेको छानबिनका क्रममा भेटिएको बताइन्छ।

जनशक्तिको कमीले पहिले दर्ता भएका गुनासो टुङ्गो नलागेकाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका उजुरीमा कारबाही प्रक्रिया अघि नबढेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताए।

# गोली प्रहार गरेर पक्राउ गरिएका आरोपीहरूबाट २४३ ग्राम खैरो हेरोइन बरामद




**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, बर्दिवास**
सिरहाको लहान नगरपालिका वडा नम्बर-३ स्थित हस्पिटल चोकमा प्रहरीले गोली चलाएर बिहीबार ६ जना लागुऔषध कारोबारीहरूलाई पक्राउ गरेको छ ।

प्रहरीको गोली लागेर भारतको बिहार घर भएका २२ वर्षीय विद्यानन्द यादव र सप्तरीको रुपनी गाउँपालिका घर भएका ४० वर्षीय मोहम्मद नसिर घाइते भएका छन्। ड्युटीमा खटिएका प्रहरीलाई आक्रमण गरेपछि आत्मरक्षाको लागी गोली प्रहार गरिएको लागुऔषध नियन्त्रण व्यूरोका एसएसपी सुवास बोहराले बताए ।

लागुऔषध नियन्त्रण व्यूरो, कोटेश्वरबाट खटिएको टोलीले सुरुमा ५ राउण्ड हवाई फायर र त्यसपछि खुट्टामा दुई राउण्ड गोली प्रहार गरेको हो । नसिरको बायाँ खुट्टा र यादवको दाहिने खुट्टामा गोली लागेको छ।

अरू चार जनालाई पनि प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको बोदे बसाइन घर भएका २८ वर्षीय शम्भु प्रसाद यादव, सप्तरी डाक्नेश्वरी गाउँपालिका घर भएका २८ वर्षीय जमाहिर आलम, बोदेबसाइनका २४ वर्षीय बैद्यनाथ प्रसाद यादव र डाक्नेश्वरीका ३२ वर्षीय मोहम्मद ईमामुद्धिन छन् ।

आरोपीहरूको साथबाट २४३ ग्राम खैरो हेरोइन बरामद गरिएको एसएसपी बोहराले जानकारी दिए । गोली लागेर घाइते भएकाहरूको लहान स्थित प्रादेशिक अस्पतालमा उपचार हुँदै छ। आरोपीहरूमाथि इलाका प्रहरी कार्यालय लहानले अनुसन्धान गरिरहेको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# संजना यादवमाथि हिंसाः न्याय दिलाउने सांसद यादवको प्रतिबद्धता

खबर दर्पण समाचारदाता

**साउन ७ गते, जनकपुरधाम**

सिरहाको नवराजपुर गाउँपालिका-४ की संजना यादवमाथि भएको अमानवीय घरेलु हिंसाको घटनापछि प्रतिनिधिसभा सदस्य शिव यादवले पीडितलाई न्याय दिलाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

सिरहा निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य यादवले नवराजपुर आधारभूत अस्पतालमा उपचाररत संजनालाई बिहीबार भेट्दै घटनामा संलग्नमाथि कडा कानुनी कारबाही गराउन र पीडितलाई न्याय दिलाउन आवश्यक पहल गर्ने बताउनुभयो।

प्रहरीका अनुसार साउन ६ गते राति करिब ८ बजे संजनामाथि उहाँका पति रामशंकर यादव र देवर सुन्दर यादवले हातखुट्टा डोरीले बाँधेर, मुखमा कपडा कोची टेपले बाँधेर तथा तातो फलामको रडले शरीरमा डाम्ने गरी कुटपिट गर्नुभएको थियो। छिमेकीले घटनाबारे प्रहरीलाई खबर गरेपछि प्रहरी पुगेर संजनाको उद्धार गरेको थियो।

सांसद यादवले नवराजपुर गाउँपालिकामा पछिल्लो समय महिला हिंसाका गम्भीर घटना बढ्दै गएको उल्लेख गर्दै यस्ता घटना न्यूनीकरणका लागि स्थानीय तहले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो।

"पूर्वाधार विकास मात्र विकास होइन, सामाजिक न्याय पनि विकासको महत्त्वपूर्ण आधार हो। न्यायिक समितिले यसतर्फ गम्भीर ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो। उहाँले मधेशका हुलाकी क्षेत्रका बस्तीमा लागुऔषधको बढ्दो प्रयोगका कारण पनि महिला हिंसाका घटना बढिरहेको उल्लेख गर्दै आवश्यक कानुन निर्माणका लागि संसदमा आवाज उठाउने प्रतिबद्धता जनाउनुभयो।

स्थानीय राम परीक्षण यादवका अनुसार संजना लामो समयदेखि पति र देवरबाट घरेलु हिंसा सहँदै आउनुभएको थियो। उहाँका अनुसार रामशंकर यादवले पहिलो श्रीमतीलाई पनि हिंसापछि माइत पठाएका थिए र करिब चार वर्षअघि भारतको बिहार राज्यस्थित मधुवनी जिल्लाको भेलाही गाउँकी संजनासँग दोस्रो विवाह गरेका थिए।

स्थानीयका अनुसार एक साताअघि पनि बेल्टले कुटपिट भएपछि संजना माइत जानुभएको थियो। साउन ६ गते देवर सुन्दर यादव मोटर साइकलमा माइतबाट घर ल्याएका थिए।

उपचाररत संजनाले आफू साँझ घर फर्किएर खाना पकाइरहेका बेला देवरले चुल्होमा आगो बाल्न लगाएको र त्यसपछि छतबाट डोरी झिकाउन लगाएको बताउनुभयो। त्यसपछि कोठाको ढोका थुनेर पति र देवर ले हातखुट्टा बाँधी निर्घात कुटपिट गर्नुका साथै तातो रडले शरीर का विभिन्न भागमा डामेको उहाँको भनाइ छ। छिमेकीले शंका गरी प्रहरीलाई खबर गरेपछि आफ्नो ज्यान जोगिएको उहाँले बताउनुभयो।



मानवअधिकारकर्मी राजकुमार राउतले नवराजपुरमा पछिल्लो समय महिला हिंसाका घटना बढ्दै गएको उल्लेख गर्दै स्थानीय सरकारले महिला हिंसा न्यूनीकरणका लागि शिक्षा र जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न नसक्नु चिन्ताको विषय भएको बताउनुभयो।

मधेश प्रदेशसभा सदस्य ललिता दास विद्रोहीले पनि घटनामा संलग्नमाथि कडा कानुनी कारबाहीको माग गर्नुभएको छ।

नवराजपुर गाउँपालिका अध्यक्ष शिव उदगार यादवले पीडितलाई न्याय दिलाउन आवश्यक सहयोग गर्ने बताउनुभयो।

गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक पुनम यादवले महिला हिंसा न्यूनीकरण र सामाजिक न्यायसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पटक-पटक आग्रह गरे पनि त्यसतर्फ पर्याप्त ध्यान नदिइएको गुनासो गर्नुभयो।

घटनापछि चौतर्फी दबाब बढेपछि इलाका प्रहरी कार्यालय महेशपुर पतारीले संजनाका पति रामशंकर यादव र सासूलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको जनाएको छ।






# तीन वर्षीय बालकको मृत्यु प्रकरण : एक नाबालिका पक्राउ, अनुसन्धान जारी



**धवेन्द्रकुमार यादव**
**साउन ७ गते, महोत्तरी**

महोत्तरीको सीमावर्ती सम्सी गाउँपालिका-५ पोखरभिण्डामा तीन वर्षीय बालक मनिकेश कुमार यादवको मृत्यु प्रकरणमा प्रहरीले एक १५ वर्षीया नाबालिकालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ।

कानुनी व्यवस्थाअनुसार नाबालिकाको परिचय गोप्य राखिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार गत जेठ २२ गते साँझ घरबाहिर खेलिरहेका मनिकेश बेपत्ता भएका थिए। परिवार र स्थानीयवासीको खोजतलासपछि जेठ २४ गते साँझ घरदेखि करिब ३०० मिटर टाढा रहेको पानी पोखरीमा बोराभित्र राखिएको अवस्थामा उनको शव फेला परेको थियो। प्रहरीका अनुसार शव फेला पर्दा बालकले लगाएको चाँदीको बाला हराएको देखिएपछि घटनालाई शंकास्पद मान्दै विस्तृत अनुसन्धान अघि बढाइएको थियो।

अनुसन्धानका क्रममा प्रहरीले साउन ५ गते एक १५ वर्षीया नाबालिकालाई सोधपुछका लागि नियन्त्रणमा लिएको थियो। प्रारम्भिक बयानमा ती नाबालिकाले साइकलले ठक्कर दिँदा बालकको मृत्यु भएको र डरका कारण घटना लुकाउन शव बोरामा राखेर पोखरीमा फालेको स्वीकार गरेको प्रहरीको दाबी छ।

प्रहरीका अनुसार नाबालिकाले दिएको बयानमा आफू करिब ३० किलो मल बोकेर साइकलमा खेततर्फ जाँदै गर्दा मुख्य सडकबाट भोला बाबा मन्दिरतर्फ जाने गल्लीमा विपरीत दिशाबाट दौडिँदै आएका बालक साइकलअगाडि आएको उल्लेख गरेकी छन्। साइकलमा ब्रेक नभएको र पछाडि मलको भारी रहेकाले नियन्त्रण गुम्दा बालकलाई ठक्कर लागेको तथा साइकलका दुवै चक्का बालकको छातीमाथिबाट गुज्रिएको उनले बयान दिएको प्रहरीले जनाएको छ।

घटनापछि बालकको मृत्यु भएको थाहा पाएपछि प्रमाण लुकाउने उद्देश्यले नजिकै रहेको सिमेन्टको बोरामा शव राखेर पोखरीमा फालेको तथा बालकले लगाएको चाँदीका दुईवटा बाला निकालेर लुकाएको बयान उनले दिएको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी पञ्चलाल गोलेका अनुसार अनुसन्धानका क्रममा हराएका चाँदीका बाला नाबालिकाले लुकाएको स्थानबाट कानुनी प्रक्रिया पूरा गरी बरामद गरिएको छ।

घटनाबारे थप अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिई नाबालिकाविरुद्ध अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# ग्यास लिक भएर आगलागी हुँदा तीन कामदार घाइते

**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिका-६, ढल्केबरमा रहेको ग्रिन बायो फ्यूल उद्योगमा ग्यास लिक भएर आगलागी हुँदा तीन जना कामदार घाइते भएका छन् । बिहीबार उद्योगभित्र कामदार ले कोठामा खाना पकाउने क्रममा ग्यास लिक भएर आगलागी भएको थियो ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीले बिहीबार बिहान उद्योगभित्रको कोठामा कामदारले खाना पकाउने क्रममा ग्यास लिक भइ अचानक आगलागी भएको बताउनुभयो। उहाँका अनुसार आगलागीबाट बाराको प्रसौनी गाउँपालिका-४, खुट्वा प्रसौनीका २३ वर्षीय सोमराती अन्सारी, २२ वर्षीय अब्दुल अन्सार र २५ वर्षीय धर्मराज महतोको शरीरको विभिन्न भाग जलेर घाइते भएको छ ।

घाइते तीनै जनालाई प्रादेशिक अस्पताल जनकपुरमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि बर्न अस्पताल किर्तिपुर पठाइएको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो ।

# मधेसमा ‘बफर’ कोटाको रसायनिक मल वितरण सुरु

**खबर दर्पण समाचारदाता**
**साउन ७ गते, जनकपुरधाम**

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम धनुषाले मधेस प्रदेश सरकारद्वारा निर्धारिते ‘बफर’ कोटाको रसायनिक मल वितरण सुरु गरेको छ ।

धान रोपाइँको समयमा रसायनिक मलको अभाव झेलिरहेका धनुषाका किसानलाई लक्षित गरेर स्थानीय तहको सिफारिसको आधारमा बफर कोटाको युरिया र डिएपी रसायनिक मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश सरकारको गत असार ३१ गतेको निर्णयबमोजिम स्थानीय तहगत रुपमा निर्धारण गरिएको बफर कोटाअनुसार युरिया र डिएपी मल बिक्री वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार मलको वितरणसँगै जिल्लामा केही समय अघिसम्म रहेको डिएपी मलको अभाव विस्तारै हट्दै गएको छ । साउनको दोश्रो सातासम्म थप युरिया र डिएपी मल आउने भएकाले मलको अभाव पूर्ण रुपमा हट्ने उहाँको भनाइ छ ।

यसैबीच कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधाम धनुषाले पछिल्लो एक वर्षको अवधिमा १८ हजार ७४५ दशमलव एक मेट्रिक टन रसायनिक मल किसानलाई वितरण गरेको छ । कार्यालयका सूचना अधिकारी साहका अनुसार सो कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा युरिया ११ हजार २४१ दशमलव ३५० मेट्रिक टन, डिएपी छ हजार ९६३ दशमलव ३०० मेट्रिक टन, पोटास ३७९ दशमलव ५५० मेट्रिक टन र कृषि चुन १६० दशमलव ९०० मेट्रिक टन रसायनिक मल किसानलाई वितरण गरेको छ ।

सो कार्यालयलाई आव २०८२/८३ मा युरिया १० हजार ६१८ दशमलव ५०० मेट्रिक टन, डिएपी सात हजार २८९ मेट्रिक टन, पोटास ४६३ मेट्रिक र कृषि चुन २३५ मेट्रिक टन रसायनिक मल प्राप्त भएको सूचना अधिकारी साहले बताउनुभयो । यसबाट अधिकांश प्राप्त मल किसानसम्म पुगिसकेको देखिएको छ ।

धान रोपाइँको मुख्य सिजनमा समेत कार्यालयले आवश्यकताअनुसार मल वितरण गर्दै मौज्दात व्यवस्थापनलाई प्रभावकारी बनाएको कार्यालय प्रमुख ध्रुव चौधरीले बताउनुभयो । धान रोपाइँको यामलाई लक्षित गरी मलको नियमित आपूर्ति, मौज्दात व्यवस्थापन र वितरण प्रक्रियालाई व्यवस्थित बनाइएको प्रमुख चौधरीको भनाइ छ ।

किसानको मागअनुसार थप मल उपलब्ध गराउन आवश्यक समन्वय समेत भइरहेको र यस वर्षको थप मल केही दिनभित्रै मल आइपुग्ने प्रमुख चौधरीको भनाइ छ । रासस




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,